# सन्दर्भ - नेपाली संस्कृतिको
## (Nepalese Culture in Context)

***सत्यमोहन जोशी***

विश्वको मानचित्रमा ठूलठूला देशहरुको आकार प्रकारको दाँजोमा हाम्रो देश नेपाल ज्यादै सानो छ । उन्नति उद्योग र विकासको क्षेत्रमा पनि विकसित देशहरुको दाँजोमा हाम्रो देश केवल विकासोन्मुखको रुपमा देखा पर्दछ । तर यी सबको बावजूद पनि, हाम्रो देशको सान र मान भने ती ठूलठूला देशहरुको दाँजोमा उच्च नै भैरहेको हामी पाउंछौं, किनभने सृष्टिको आदिकालदेखिनै हाम्रो देश विश्वको सर्वोच्च हिमचुचुरो “सगरमाथा” (Mt. Everest) बाट सुशोभित भैरहेको छ । हाम्रो देशमा त्रेतायुगीन रामायणकालका आदर्श नारी सीताजीको माइती जनकपुरमा विद्यमान भैरहेको छ । विश्व वन्धुत्व र विश्व शान्तिको प्रवर्तक सिद्धार्थ गौत्तम बुद्धको जन्मथलो पनि हाम्रै देशको लुम्बिनीमा विद्यमान छ ।

उक्त परिप्रेक्ष्यमा हाम्रो देश नेपालको महिमा र गरिमालाई हामीले आत्मसात गर्न सक्यौं भने हामी नेपालीहरुको मनोबल र मनोभावना स्वयमेव सम्बर्द्धन हुन थाल्छ ।

विश्वको मानचित्रमा देखा पर्ने सानो नेपालमा अर्को एक उल्लेखनीय विशेषता छ, त्यो हो यस देशमा पाइने जैविक विविधता झैं यस देशमा बसोबास गर्ने बिभिन्न जातजातिका बासिन्दाहरुका आ-आफ्नै विविध मातृभाषा, विविध परम्परा, थितिरीति, कुलाचार, लोकाचारका विविध विशेषताहरु भएका संस्कृतिहरु पनि छन् । अनि अनेकन जाति जनजातिको विविधतामा “हामी सबै नेपाली” भन्ने राष्ट्रिय एकताको भावना एक ढिक्को भैरहेको छ र राष्ट्र भाष “नेपाली” सबै नेपालीहरुका लागि राष्ट्र र राष्ट्रियताको प्रतीक स्वरुप विचार आदान प्रदानको सुगम माध्यम र संस्कृतिको संवाहक बनेको छ ।

यसैले आज नेपालीहरु विश्वको कुनाकाप्चामा जुनसुकै देश वा मुलुकमा पुगेर बसोबास गरिरहेको भएपनि आफ्नो देश आफ्नो मुलुक प्रति नेपालीहरुको माया ममता प्रेम र झुकाव जुनसुकै बेलामा पनि फक्रिरहेको हुन्छ, नेपालको विकास र उन्नतिप्रति नेपालीहरुको चासो र योगदानको आकांक्षा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा उर्लिरहेको पाइन्छ । अनि नेपालीहरुका लागि आफ्नो देशको र आफ्नो जीवन शैली र जीवन दर्शनको सांस्कृतिक पहिचान (Cultural Identity) प्रति पनि उत्तिकै निकटम सम्बन्ध नङ र मासु झैं जोडिएको

हुन्छ र त्यतैबाट “नेपाली संस्कृति” नेपालीहरुका लागि “सत्यं, शिवं र सुन्दरम्” भैरहने हुन्छ ।

अतः आज नेपालमा गैरआवासीय नेपालीहरुको तेश्रो विश्व सम्मेलन (Third NRN Global Conference) जुन भैरहेको छ र यसमा सहभागी हुनका लागि विश्वभरि छरिएर बसेका नेपालीहरुका प्रतिनिधिहरुको सहभागितामा यो सम्मेलनले वर्तमान कालको बद्लिंदो परिप्रेक्ष्यमा गैरआवासीय नेपालीहरुको भूमिका र योगदानबारे छलफल हुनुको साथै नेपालको सामाजिक आर्थिक रुपान्तरणमा राष्ट्र निर्माण (Nation Building) कार्यमा संस्कृतिको पनि चर्चा परिचर्चा हुनु समयसापेक्ष एउटा उल्लेखनीय उपलव्धी हुने भएको छ ।

मुलुक अथवा राष्ट्र चाहे ठूलो होस् अथवा सानो, त्यस मुलुकमा अथवा राष्ट्रमा बसोबास गर्ने मानिसहरुको आ-आफ्नो संस्कृति हुन्छ । नेपालकै सन्दर्भमा पनि यो कुरो सत्य साबित हुन्छ। वास्तवमा जुनसुकै मुलुकको अथवा राष्ट्रको जागरण, उन्नति र विकासमा संस्कृतिको पनि महत्वपूर्ण भूमिका हुने नै गर्दछ। किनभने 'संस्कृति' भन्नु नै असल र परिष्कृत कर्म हो। यसबाटै प्रत्येक जातजातिका मानिसहरुको आ-आफ्नो जातीय वा राष्ट्रिय मौलिक पहिचान (Identity) बनिने हुन्छ र यसबाट नै समाज सुसंस्कृत (Highly Cultured) हुने गर्दछ। यस परिप्रेक्ष्यमा नेपालीहरुका सांस्कृतिक क्रियाकलापहरुमा परम्परागत संस्कारका रुपमा भिजिसकेका धर्मकर्म, पूजापर्व, उत्सव, मेला, जात्रा, नाचगान, कुलाचार र लोकाचारका थितिरीति, वेशभूषा आदि संस्कृतिकै परिचायक अङ्गहरुका रुपमा देखा पर्दछन् र यस भित्र नै समाज वा राष्ट्रको वास्तविकता प्रतिबिम्बित भैरहेको हुन्छ, जनताको जीवन पद्धति र दर्शन झल्किरहेको हुन्छ।

अझ मानव शास्त्रको विकास क्रममा संस्कृतिको वैचारिक धारणामा संस्कृतिलाई एउटा व्यापक समष्टिको रुपमा पनि लिइन्छ। त्यसमा कुनै पनि मानिसले एउटा समाजको सदस्यको हैसियतले प्राप्त गरको ज्ञान, विश्वास, कला, कौशल, नैतिकता, नियम, चलन, क्षमता, स्वभाव आदि समाविष्ट भएका हुन्छन्। यस प्रसङ्गमा नेपाली संस्कृतिभित्र हाम्रा प्राचीन स्मारक, भवन, मठ मन्दिर विहार, विविध मूर्ति, ढुंगेधारा आदि हाम्रा स्पृश्य अर्थात मूर्त संस्कृति (Tangible Culture) का रुपमा देखा पर्दछन् भने, त्यस्तै हाम्रा भाषामा पाइने गाउँखाने कथा, लोक कथा, उखान बखान, लोकगीत, लोकनाच, लोककला, जात्रा मेला आदि अस्पृश्य अर्थात अमूर्त संस्कृति (Intangible Culture) को रुपमा देखा पर्दछन्। र, यी दुबै प्रकारका हाम्रा संस्कृतिहरु हाम्रा पुर्खाहरुले हामीहरुलाई धरोहरको रुपमा सुम्पेर गएका अमूल्य सांस्कृतिक सम्पदाहरु (Cultural

Heritage) हुन् । यिनीहरुको संरक्षण र सम्बर्द्धन गर्नुमा हामीहरुको ठूलो उत्तरदायित्व रहि आएको हुन्छ ।

एउटा बहुचर्चित कथन छ । अठारौं शताव्दीमा काठमाडौं उपत्यकामा आउने एक जना पहिलो अंग्रेजी विद्वान कर्नेल करपाट्रीक (Col. Kirkpatrick) ले यात्रा क्रमको नेपाल विषयक पुस्तकमा एक ठाउँमा यसरी उद्गार व्यक्त गर्न पुगे -

"There are nearly as many temples as houses and as many idols as inhabitants."

अर्थात् नेपाल (काठमाडौं उपत्यका) यस्तो देश रहेछ जहाँ मानिसहरु बस्ने घरको संख्या बराबर नै गनिनसक्नु मन्दिरहरु रहेछन्, त्यस्तै फेरि त्यहाँ मानिसहरुको जनसंख्या जतिकै देवदेवताका मूर्तिहरु पनि रहेछन् ।

कर्नेल करपाट्रीक १७९३ को माघ महिनामा केही समयका लागि काठमाडौं आएका रहेछन् । यदि उनले काठमाडौंमा वर्षदिन बसेर त्यहाँका जात्रा, पर्व, उत्सव, मेला, नाचगान आदि हेरेर नेपालीहरुको सांस्कृतिक जनजीवन हेर्ने सौभाग्य पाएको भए उनले नेपालको संस्कृतिबारे थुप्रै थुप्रै अन्य उल्लखनीय कुराहरु लेख्थे होलान् । यहाँ कर्नेल करपाट्रीकलाई उल्लेख गर्नुको अभिप्राय के हो भने - नेपालमा मन्दिर र मूर्ति मात्र होइन, त्यस मन्दिर र मूर्तिसंग जोडिएका अनेकन् पौराणिक र लोककथाहरु, धार्मिक र आध्यात्मिक संस्कृतिहरुको श्रोत तथा तिनीहरुसंग गाँसिएका सांस्कृतिक परम्परा बोकेका अनेक पूजाआजा, जात्रा, पर्व, मेला, उत्सव, व्रत, नाचगानहरु पनि छन् जसमा नेपाली सांस्कृतिक जीवन शैली मौलाई रहेको छ ।

यतिबेला नेपालको राजधानी काठमाडौंमा गैरआवासीय नेपालीहरुको यो तेश्रो विश्व सम्मेलन चालू भई रहेको छ । केही दिन अघिमात्र यो सम्मेलनको पूर्व सन्ध्यामा यहाँ नेपालीहरुको राष्ट्रिय संस्कृतिको झाँकी दर्शाउने एउटा अद्बितीय परम्परा बोकेको सांस्कृतिक उत्सव (A Unique Cultural Event) सम्पन्न भएको थियो – त्यो हो शरदकालिन इन्द्र जात्राको महोत्सव र त्यससंग आवद्ध जीवित कुमारीको रथ जात्रा ।

आज नेपाल बाहेक अन्यत्र विश्वको कुनै देशमा पनि यो इन्द्र जात्राको महोत्सव मनाउने परम्परा छैन । बौद्धिक युगको परम्परा अनुसार छिमेकी मुलुक भारतमा कुनै शदीतक इन्द्रध्वजोत्सव मनाउने चलन थियो होला । एक त प्राचीनकालका महाकवि कालिदासले रघुवंश महाकाव्यमा इन्द्रध्वजाको सुन्दर वर्णन गरी इन्द्रध्वजा

हेर्नलाई मानिसहरुले आकाशमा मुख फर्काएर हेर्नु पर्दछ भनी लेखेका छन् तर लामो समयसम्म विदेशी धर्म र विदेशीहरुको पञ्जाबाट जर्जरित हुनु परेको भारतमा प्राचीनतम इन्द्रध्वजोत्सवको कुनै संरक्षण हुन सकेन र आज त्यहाँ यो महोत्सवको इतिश्री नै हुन गयो। तर यहाँ हामीकहाँ राजधानी काठमाडौंमा भने यद्यपि इन्द्रध्वजोत्सवको इन्द्र जात्रा र इन्द्रजात्राकै साथमा ब्रम्हाण्डकीय उर्जा (Cosmic Energy) को प्रतिक स्वरुप मान्यता बोकेकी जीवीत कुमारीको रथ जात्रा नेपालीहरुको राष्ट्रिय परम्पराको एउटा जीवन्त संस्कृति बोकेर जीवन्त नै भई रहेको छ। झण्डै हप्ता दिनसम्म रमझम भई रहने इन्द्रजात्रा उत्सवमा थुप्रै नाचगानहरुको पनि प्रदर्शन हुने गर्दछ। यस जात्रामा देवदेवीहरुको नाच, दशअवतारको झांकी, मजिपाट लाखे, पुलुकिसि हात्ती नाच, सवोभकू भैरव नाच आदिको प्रदर्शन पनि हुने गर्दछ। अनि इन्द्रजात्राको मात्र चर्चा गर्दा पनि नेपाली माटोमा जरा हालिराखेको बौद्धिक परम्पराको संस्कृति र योसंग जोडिन आएको तान्त्रिक परम्पराको संस्कृति पनि देखा पर्न आउंछ र यसबाट नेपाली परम्पराले नेपाली संस्कृतिलाई कसरी अंगालेर राखेको छ भन्ने तथ्य पनि बोध हुन आउंछ।

यूनेस्को (UNESCO) जस्तो विश्व संस्थाको सांस्कृतिक परिभाषा अनुसार त नेपालीहरुको यो इन्द्रजात्राले ओगटेको संस्कृति मानवको सिर्जनशील प्रतिभाको विलक्षण सांस्कृतिक गुणहरुले युक्त सर्वोत्कृष्ट संस्कृति ठहरिन सक्दछ। (A masterpiece of human creative genius with outstanding cultural values)

र, आज यतिबेला यहाँ NRN for Socio-Economic Transformation of Nepal शीर्षक अन्तर्गत संस्कृति र पर्यटन बिषयमा नेपाली संस्कृतिकै बारेमा चर्चा परिचर्चा भै रहेकै बेलामा नेपालमा वर्षा ऋतुको झरी वर्षा बाढीलाई ओझेलमा पारेर शरद ऋतुको आगमनमा नेपाली समाजमा परम्परागत रुपमा मनाइने राष्ट्रिय चाड दशैंको सम्झना भई रहेको छ, सर्वत्र मालश्रीको संगीत गुञ्जिरहेको छ। यस चाडको शुभागमनमा कवि शिरोमणि लेखनाथ पौड्यालको उद्गारमा यसरी व्यक्त गरिएको चित्रण प्रासाङ्गिक हुन आउंछ।

हट्यो सारा हिलोमैलो, हरायो पानीको वर्षा,<br>
भवानीको भयो पूजा, भयो आनन्दको वर्षा !

यो दशैं चाडको व्युत्पत्तिखोज्दै जांदा श्रीरामचन्द्रले शक्ति स्वरुपिनी दुर्गा भवानीको आराधना गरी दुष्ट रावण माथि बिजय प्राप्त गरेको विजयोत्सवको प्रसंग जोडिन आउंछ। यसबाट यो दशैं चाड कति पुरानो समयदेखि चलेर आई रहेको छ भन्ने कुरा थाहा हुन्छ।

अनि दशैंका चाडमा प्रत्येक परिवारमा भेटघाट, मेलमिलाप, विचार विमर्स र पारस्परिक शुभ–कामनाका क्रमहरुको चहकमहक हुने गर्दछ। यो दशैं चाड नेपाल भित्रका नेपालीहरुका अतिरिक्त विश्वका कुनाकाप्चामा बसेका सम्पूर्ण नेपालीहरुका लागि पनि नेपाली राष्ट्रिय सांस्कृतिक परम्पराको एउटा महान विशिष्टता भई रहन्छ।

प्रश्न उठ्न सक्छ, नेपाली समाजमा दशैं चाड नमनाउने नेपाली जाति जनजातिहरु पनि त होलान् भन्ने। तर दशैं चाडलाई राज्यबाटै राष्ट्रिय चाडको रुपमा मनाउन लामो सरकारी विदा र एक महिनाको दशैं खर्च समेत दिने गरेको छ र दशैं चाड नमनाउनेहरुले पनि यस किसिमका सार्वजनिक सुविधाहरु पाउंछन्। अनि बिजया दशमीबाट शुरु हुने शुभ–कामनाका तरङ्गले नेपाली मात्रका लागि बन्धुत्व र मैत्रीको भावना सञ्चार गर्ने पर्दछ, मान्यजन, इष्टमित्र र नाताकुटुम्बहरु कहां टिका थाप्न जाने, तथा शुभकामना आदान प्रदान गर्न जाने औपचारिकता पनि उत्तिकै रुपमा सांस्कृतिक परम्पराको एक अद्वितीय नमूना (A unique testimony of living cultural tradition) बनिरहेको हुन्छ।

अझ दशैं चाडको लगत्तै मनाइने तिहार चाडको सांस्कृतिक पक्षको प्रसङ्गमा नेपाली समाजमा पाइने सांस्कृतिक मूल्य र मान्यताहरु धेरै पाइन्छन्। यो तिहार चाडमा काग पूजा, कुकुर पूजा, गाई पूजा, लक्ष्मी पूजा, आत्म पूजा, गोबर्द्धन पूजा, भाइ पूजाका क्रमहरु पनि उत्तिकै रोचक हुन आउंछन्।

नेपाली संस्कृतिको बिषयमा यसरी चर्चा परिचर्चा गर्दा एउटा विचारणीय कुरो चाहिं के हुन आउंछ भने नेपाल एउटा बहुजातीय, बहुभाषिक र बहुसांस्कृतिक देश भएकोले समग्रमा यहाँका निवासीहरु नेपालीनै भए पनि नेपालीहरु आ–आफ्ना बंश, कूल, थितिरिति, धर्म, विश्वास र परम्परामा आ–आफ्ना जाति थरमा विभाजित पनि भएका छन् र तिनीहरुको आ–आफ्नो जातिय क्षेत्रीय संस्कृति पनि हुने गर्दछ। अनि आ–आफ्नो संस्कृति भनेको सबैलाई प्रिय र उच्चनै हुने गर्दछ। अतः नेपालमा तथा नेपाल बाहिरका मुलुकहरुमा बसोबास गर्ने विभिन्न जातजातिका नेपालीहरुमा निहित सांस्कृतिक गुण र विशेषताहरुको पनि लेखाजोखा र संरक्षण गरिनु पर्ने हुन्छ। वास्तवमा विविध जाति जनजातिका समाजमा पाइने संस्कृतिहरुमा निहित राष्ट्रिय मान्यताहरु फुलहरु मालामा उनिए जस्तै नेपालको राष्ट्रिय संस्कृति (National Culture) को सच्चा रुप देखा पर्ने हुन्छ। यसैले देशको सांस्कृतिक विविधता (Cultural Diversity) कायमै राखी राष्ट्रिय एकतालाई सुदृढ गर्ने राष्ट्रिय संस्कृतिको प्रमुख भूमिका दरिलो पार्न राष्ट्रिय नीति (Cultural Policy) को पनि ठूलो दरकार पर्न आउंछ।

बास्तवमा प्रत्येक मुलुकको आ–आफ्नो सांस्कृतिक नीति (Cultural Policy) हुने गर्दछ, हुनु पर्दछ । किनभने सांस्कृतिक नीति नै स्पष्ट भएन भने मुलुकको आफ्नो पहिचान (Identity) धमिलिन सक्छ, मुलुकको विकासक्रम गतिहिन तुल्य पनि हुन सक्छ । यसै परिप्रेक्ष्यमा नेपालको सांस्कृतिक नीतिका रुपरेखा, गतिविधि र व्यवहारिकताको कतैबाट प्रश्न उठायो भने यसको ठिक उत्तर दिन जोसुकैलाई पनि कठिननै हुने गर्दछ । किनभने नेपालको सांस्कृतिक नीति कानूनतः खुलस्त गरी बनिएको देखा पर्दैन । नेपालमा २००७ सालको जनक्रान्तिदेखि २०६२।६३ को जनआन्दोलन भित्र अनेकन मन्त्रालयहरु बने, तर संस्कृतिको फाँटमा एउटा सिंगो संस्कृति मन्त्रालय (Ministry of Culture) आजसम्म बनिएको छैन । यतिबेला भईरहेको मन्त्रालयमा पनि संस्कृति जस्तो महत्वपूर्ण बिषयलाई पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयमा गाँभिएको छ । यसैले आजको यो मन्त्रालय पनि राष्ट्रियस्तरमा सांस्कृतिक नीतिको स्रस्ट हुन सकिरहेको छैन । आशा गरौं, निकट भविष्यमा हाम्रो पनि औपचारिक रुपमा कानूनतः सांस्कृतिक नीति तर्जुमा हुनेछ ।

अन्ततः राष्ट्रोन्नतिको क्षेत्रमा हुने अनेकन विकास कार्यहरुमा सांस्कृतिक विकास (Cultural Development) कार्यमा नेपाल सरकारले कानूनतः एउटा सर्वमान्य र सुलभ सांस्कृतिक नीति तर्जुमा गरेर व्यवहारमा ल्याई दिएको भए विश्वभरि छरिएर विभिन्न मुलुकहरुमा बसोबास गरिरहेका गैरआवासीय नेपालीहरुका लागि पनि संस्कृतिकै माध्यमबाट मातृभूमि नेपालको सांस्कृतिक पर्यटन व्यवसायको सम्बर्द्धन खातिर सघाउ पुऱ्याउनमा एउटा गहकिलो मार्ग निर्देशन हुने थियो तथा आजको नयाँ नेपालको परिकल्पनाको रुपान्तरणमा नेपाली जीवन्त संस्कृतिको पहिचानबाट पनि योगदान पुऱ्याउन पाउने सुविधाहरुको उपलव्धि भईरहने थियो । अस्तु ..................।